निर्णय प्रमाणित
२०८१।०१।२१

मिति:२०८१।०१।२१ गते शुक्रबार

निर्णयहरु

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा | मिति २०८०।१२।२६ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>**समिक्षामा पाइएको बिषयहरू:**<br>२०% निर्णय कार्यान्वयन चरणमा रहेको तथा ८०% काम सम्पन्न भई सकेको पाइयो। |
| २ | विपद् प्रतिकार्यका लागि बजेट बिनियोजन। | लेटाङ नगरपालिकाको देहायको क्षेत्रमा नदिजन्य विपद् न्यूनिकरणका लागि आवश्यक कार्यार्थ प्राविधिक स्टमेट बमोजिम बजेट बिनियोजन गर्ने। (श्रोतः नदि नियन्त्रण कार्यक्रम, तटबन्धन समेत)<br>**देहाय:**<br>क.सं. / योजनको नाम / वडा नं / लागत<br>१ / तेली खोला तटबन्धन / ८ र ९ / ७५००००/-<br>२ / चिसाङ पुल दक्षिण पश्चिम तटबन्धन / २ / २४५०००/-<br>३ / लोखरा सिचाई पैनी तटबन्धन / १ / १७००००/-<br>४ / देवियान नहर उपभोक्ता समिति / २ / ५९०००/- |
| ३ | सिफारिस गर्ने सम्बन्धमा। | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई विराटनगर मोरङ लाई लेटाङ नगरक्षेत्र भित्रका वडा नं १ र ७ को देहायका कृषि फर्महरूलाई कफि जोन मागका लागि सिफारिस गर्ने।<br>**देहाय:**<br>१.वाराङ्गी कफि कृषक समूह – लेटाङ-७<br>२.भोगटेनी कफि कृषक समूह – लेटाङ-१ |
| ४ | कार्यबिधि सम्बन्धमा। | लेटाङ नगरपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी निर्माण गरिएको देहायको कार्यबिधि स्विकृत गर्ने।<br>**देहाय:**<br>१.लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यबिधि, २०८१<br>२.लेटाङ नगरपालिका सामुदायिक वन अनुदान कार्यान्वयन कार्यबिधि,२०८१ |
| ५ | सामुदायिक वन अनुदान सम्बन्धमा। | लेटाङ नगरपालिकाको मिति २०८०।१२।०८ गते बसेको सामुदायिक वन अध्ययन तथा अनुदान सिफारिस समितिको सिफारिसको आधारमा देहायको सामुदायिक वनहरूलाई अनुदान प्रदान गर्न उचित देखिएकाले लेटाङ नगरपालिका सामुदायिक वन अनुदान कार्यान्वयन कार्यबिधि,२०८१ बमोजिम खर्च गर्ने गरी प्रदान गर्ने।<br>क.सं. / सामुदायिक वनको नाम / अनुदान रकम |

| | | | | |
|---|---|---|---|---|
| | | १ | जलेश्वरी सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| | | २ | लालहिरा सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| | | ३ | पन्चकन्या सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| | | ४ | सालबिसौनी सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| | | ५ | महाभारत सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| | | ६ | वसन्त सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| | | ७ | ओडारे सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| | | ८ | शिशिर सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| | | ९ | आकाशे सामुदायिक वन उपभोक्ता समूह | ५०,०००/- |
| ६ | बिपद् व्यवस्थापनमा आर्थिक सहयोग | लेटाङ नगरपलालिका वडा नं ८ ज्यामिरेमा रहेको श्री बखत बहादुर राईको घर पहिरोको उच्च जोखिममा रहेकाले उक्त विपद् न्यूनिकरण तथा व्यवस्थापनका लागि निजको घर स्थानान्तरण गर्नुपर्ने भएको हुँदा निजलाई अन्यत्र सर्दा लाग्ने जस्तापाता नगरपालिकाबाट बितरण गर्ने। | | |
| ७ | आर्थिक सहयोग सम्बन्धमा। | १.लेटाङ नगरपालिकामा बराहक्षैत्र नगरपालिका वडा नं १ सुनसरीबाट बाहबर्से पिण्डेश्वर पूर्ण महाकुम्भ मेल मूल आयोजक सहारोह समितिले कुम्भमेला संञ्चालनका लागि आर्थिक सहयोग गर्न माग निवेदन पेश गरेकोमा उक्त मेला सञ्चालनका लागि रू२५५५५/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतः अन्य सामाजिक सहायता)<br>२.नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) कोशी प्रदेश कमिटी बिराटनगरबाट मे-१ १३५ औ अन्तराष्ट्रिय श्रमिक दिवस मनाउनका लागि लेटाङ नगरपालिकाबाट श्रमिकको सहभागिका लागि आर्थिक सहयोग माग गरकोमा श्रमिक सहभागिका लागि एउटा गाढी(बस) भाडा उपलब्ध गराउने।<br>३.लेटाङ नगरपलिका वडा नं ६ सालबारी टोल बस्ने धनबहादुर लिम्बु दुर्घटनामा परेको साथै निजको पारिवारिक आर्थिक अवस्था अत्यन्तै न्यून रहेकाले निजलाई औषधी उपचारका लागि रू१५०००/- आर्थिक सहयोग गर्ने। | | |
| ८ | छात्रावृत्ति सम्बन्धमा। | जेहेन्दार तथा बिपन्न नागरिक छात्राबृति प्रदान गरिदिनुहुन भनी माग निवेदन प्राप्त भएकाले लेटाङ नगरपलिका आर्थिक सहयोग कार्यबिधि, २०७७ मा छात्राबृति सहायता सम्बन्धी भएको व्यवस्था बमोजिम संलग्न अनुसूची बमोजिमको छात्राबृति प्रदान गर्ने। | | |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ७ मा देहायको योजनाहरू प्रधान्मन्त्रि रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने।<br>१.बिचटोलको चर्च मुनी बाटो सोलीङ – वडा नं ७<br>२.गुराँसको बिरूवा घेराबारा – वडा नं ७ | | |
| १० | आगोलागि सम्बन्धमा। | सुख्खा मौसमका कारण आगोलागिको संख्यामा बृद्धि भएको तथा यस लेटाङ नगरपालिकामा दमकलमा कार्यरत जनशक्ती आगो निभाउने प्रयोजनका लागि कम भएको हुँदा १ महिनाको लागि देहायको कर्मचारी आगोलागि नियन्त्रणका लागि थप | | |

| | | |
|---|---|---|
| | | व्यवस्था गर्ने। साथै २४ घण्टाको डिउटी पर्ने हुँदा निजहरूलाई अन्य दमकलका कर्मचारी सरह रासन भत्ता प्रदान गर्ने।<br>देहायः<br>१.चन्द्र बिश्वकर्मा<br>२.मिप्पन राना मगर |
| ११ | वसपार्क सम्बन्धमा। | लेटाङ नगरपालिकामा वसपार्क निर्माण गर्न अति आवश्यक देखिएको तर नगरपालिका सँग हाल श्रोतको अभाव रहेकाले नगर बिकास कोष (T.D.F) सँग ऋण लिई बसपार्क निर्माण गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने। |
| १२ | रकम बाँडफाँड सम्बन्धमा। | लेटाङ नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को शिक्षा तर्फ स्विकृत कार्यक्रम विद्यालयमा मर्मत तथा अत्यवस्यक पर्ने फ्यान वाइरिङ सामग्री जडान कार्यक्रम अन्तर्गत देहायको बिद्यालयहरूको कक्षा कोठामा फेन जडान तथा वाईरिङ्गका लागि वजेट बाँडफाँड गरियो।<br>देहायः |

| क्र.सं. | बिद्यालयको नाम | बिद्यालयको माग अनुसार (फेन) | वाईरिङ्ग |
|---|---|---|---|
| १ | श्री शिक्षा विकास मा.वि. | | ० |
| २ | श्री कृष्ण प्रा.वि. | | ६००० |
| ३ | श्री गणेश आधारभूत विद्यालय | | ६००० |
| ४ | श्री सागमा मा.वि. | | १८००० |
| ५ | श्री लक्ष्मी मा.वि. फडानी | | २०००० |
| ६ | श्री महाभारत मा.वि. | | २०००० |
| ७ | श्री शिक्षा ज्योती प्रा.वि. | २१५६०० | ८००० |
| ८ | श्री सरस्वती आधारभूत बिद्यालय | | १०००० |
| ९ | श्री जाँते मा.वि. | | २४००० |
| १० | श्री भगवती आधारभूत विद्यालय | | ६००० |
| ११ | श्री दुर्गा आधारभूत बिद्यालय | | १०००० |
| १२ | श्री मा.वि. | | २०००० |
| १३ | श्री ज्योती आधारभूत विद्यालय | | १६००० |
| १४ | श्री कुईकुण्डा प्रा.वि. | | १०००० |
| १५ | श्री भोगटेनी मा.वि | | २०००० |
| १६ | श्री वालबिकास आधारभूत बिद्यालय | | ० |
| | जम्मा | | १९४००० |

| | | |
|---|---|---|
| १३ | जस्तापाता सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ९ मा अवस्थित श्री कृष्ण गौशालामा जस्तापाता अति आवश्यक भनी माग गरेकोमा ६ बण्डल जस्तापाता वितरण गर्ने। |

| | | |
|---|---|---|
| १४ | विपद् व्यवस्थापनका लागि बजेट बिनियोजन | लेटाङ नगरपालिका वडा नं १ को जंगलमा वेवारिसे लास फेला परेको तथा उक्त लासको व्यवस्थापनको लागि बिल भर्पाई बमोजिम लागेको खर्च रकम रू२३५००/- रकम भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| १५ | कार्यबिधि निर्माण सम्बन्धमा। | लेटाङ नगरपालिकामा देहयको कार्यबिधि निर्माण गर्न आवश्यक रहेकाले मस्यौदा तयार समितिलाई देहायको कार्यबिधिको मस्यौदा तयार गर्नका लागि जिम्मेवारी प्रदान गर्ने।<br>**देहायः**<br>१.सर्पदंश उपचार, सेवा सञ्चालन तथा व्यवस्थापन कार्यबिधि , २०८१<br>२.विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यबिधि,२०८१ |
| १६ | सामाजिक परिक्षण सम्बन्धमा। | सामाजिक परिक्षण प्रतिवेदन कार्यपालिका बैठकमा छलफलका लागि प्रस्तुत गरियो। |

निर्णय नम्बर ८ संग सम्बन्धित अनुसूचिहरू

श्रोतः लेटाङ नगरपालिकाको छात्राबृति शिर्षकमा बिनियोजन भएको रकमबाट

| क्र.सं | आवेदकको नाम थर | ठेगाना | बुवाको नाम | कक्षा / बर्ष | रकम |
|---|---|---|---|---|---|
| १ | करिश्मा श्रेष्ठ | लेटाङ-३ | खडिन्द्रकुमार श्रेष्ठ | बि.बि.एस | १०००० |
| २ | अजय राई | लेटाङ-७ | आइजित राई | बि.बि.एस | १०००० |